फलेवास नगरपालिका, खानीगाउँ, पर्वत

## नगर कार्यपालिकाको बैठक

२०७९।०५।११

<u>निर्णयहरू</u>

१. चालू आर्थिक वर्षका लागि नेपाल सरकार, सहरी शासकीय पूर्वाधार विकास आयोजना अन्तर्गत संलग्न बमोजिमका उप आयोजनाहरूलाई स्वीकृत गर्ने ।

२. चालू आर्थिक वर्ष २०७९।८० का लागि पर्वत जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटलाई नै यस नगरपालिकामा समेत लागू गर्नेगरी स्वीकृत गर्ने ।

३. फलेवास नगरपालिकाको भवन निर्माणसम्बन्धी कार्यविधि, २०७७ बमोजिम उक्त कार्यविधि लागू हुनुपूर्व बनेका घरटहराहरूको अभिलेखीकरणको लागि ३ (तीन) महिनाको अवधि तोकी सूचना संप्रेषण गर्ने । उक्त समयावधीभित्र सबै नागरिकहरूलाई पूराना घरटहराहरूको अभिलेखीकरण गर्न सूचना गर्ने । नयाँ बन्ने घर टहराहरूको अनिवार्य उल्लिखित कार्यविधि बमोजिम नक्सा पास गर्ने प्रवन्ध गर्नको लागि सबै वडा कार्यालयहरूलाई परिपत्र गर्ने र अभिलेखीकरण तथा नक्सापासको लागि अनिवार्य वडा कार्यालयको सिफारिस माग गर्ने । सबै वडा कार्यालयहरूले उक्त सिफारिस गर्दा प्रचलित नेपाल कानूनबमोजिम गर्ने ।

४. यस नगरपालिका वडा नं. ५ र ७ का वडा कार्यालयहरू निर्माण गर्ने सम्वन्धमा हालसम्मको यथार्थ अवस्थाको जानकारी आगामी कार्यपालिकाको बैठकमा सम्बन्धित वडा अध्यक्षहरूले गराउने ।

-0-

०५।११

२०७९।०५।११